पुलिस शक्ति र कोभिड - १९

भिक्टोरिया पुलिससँग के शक्ति छ?

कोभिद १९ को प्रतिक्रियामा, भिक्टोरियनहरूले कोभिद १९ फैलाव कम गर्न ल्याएका नयाँ कानून उल्लंघन गरेको खण्डमा, भिक्टोरिया पुलिसलाई आरोपिमाथि कारवाही गर्ने शक्ति दिइएको छ।कोभिड - १९ को वर्तमान प्रतिबन्ध र नियम अनुसार तपाईंलाई के-के गर्न अनुमति छ वा छैन भन्ने बारे जानकारी यहाँ दिएका छन्। HTTPS://WWW.DHHS.VIC.GOV.AU/STAGE-4-RESTRICTIONS-COVID-19

२ अगस्त २०२० मा, सरकारले आपतकालिन राज्य घोषणा गरेको छ। यस अवस्थामा पुलिस र आपतकालिन सेवाहरूलाई, कोविद-१९ को प्रतिबन्धहरू लागू गर्नको लागि थप धेरै अधिकारहरू प्रदान गरेका छन्, जस मध्ये राती ८ बजे देखि बिहान ५ बजे सम्म कर्फ्यू लागु गर्ने अधिकार पनि समावेश गरिएको छ ।येदि तपाईंले कोविद -१९ को बर्तमान प्रतिबन्धहरूको नियम उलंघन गर्नुभएको पत्ता लागेको खण्डमा पुलिसले तपाईंलाई आपराधिक कारवाही गरि जरिवाना लिन सक्दछ, जसमा घटनास्थलमा लिईने जरिवाना मध्ये यी हुन सक्छन:

- $२००, मास्क वा अनुहार कभर लगाउने आवश्यकतालाई उल्लंघनको गरेको अवस्थामा (यहाँ हेर्नुहोस्);
- $४,९५७ सेल्फ आएसोलेसन वा सेल्फ क्वारेन्टाइनको नियम अनादर गरेको अवस्थामा (यहाँ हेर्नुहोस्); वा
- $१६५६५२ अन्य कोविड -१९ को नियमहरु उल्लंघनको गरेमा, जस्तै 'घरबाट निस्किनु नहुने' नियमहरु (यहाँ हेर्नुहोस्)।

यदि तपाइँले यी जरिवाहरू मध्ये कुनै एक प्राप्त गर्नु भएको छ भने, तपाइँसँग यसलाई समीक्षा गर्ने अधिकार पनि हुन्।

पुलिससँग मेरो अधिकार के हो?

यदि तपाईलाई पुलिसले सोधपुछ गरेमा तपाईले आफ्नो व्यक्तिगत जानकारी दिनुपर्नेछ, जस्तो तपाईको पूरा नाम र ठेगाना।

तपाईंले अरू कुनै पनि प्रश्नको उत्तर दिनुपर्दैन, तथापि यदि तपाईंसँग सो कार्य गर्नुको कानूनी स्पष्टीकरण छ भने पुलिसलाइ यो कुरा बुझाउनु राम्रो हो।तपाइँलाई हालको कोविद -१९ प्रतिबन्ध अन्तर्गत के-के गर्न अनुमति छ भन्ने सारांश यहाँ पाउन सक्नुहुन्छ ।

यदि तपाईं अंग्रेजी बोल्नुहुन्न भने, पुलिसले तपाईंलाई दोभाषे उपलब्ध गराउँनु पर्छ। यदि तपाईं १८ बर्ष भन्दा कम उमेरको हुनुहुन्छ भने, तपाईंलाई अभिभावकको उपस्थिति बिना औपचारिक रूपमा सोधपुछ गर्नु हुँदैन ।

यदि तपाईं विश्वास गर्नुहुन्छ कि पुलिसले ठीक तरिकाले काम गरेको छैन भने, तपाईंले कानूनी सल्लाह लिई आफ्नो विकल्पहरू खोज्न सक्नुहुन्छ , जसमा उजुरी गर्नु वा अधिक गम्भीर मामिलाहरूमा क्षतिपूर्ति खोज्नु समावेश हुन सक्छ।

Covidpolicing.org.au ले कोभिद-१९ को बखत पुलिस शक्तिको प्रयोगको अनुगमन गर्दैछ, तपाईं पुलिसमाथि कुनै पनि मुद्दा यहाँ रिपोर्ट गर्न सक्नुहुनेछ।

मैले जरिमाना पाएँ भने मैले के गर्नुपर्छ?

येदि तपाईंमाथि जरिमाना जारि भएको छ भने, तपाईंसँग असंख्य विकल्पहरू छन्, जस्तै:

- जरिवाना तिर्नुहोस्, वा भुक्तानी योजनाको लागि आवेदन दिनुहोस्;
- यदि तपाईंलाई लाग्छ कि प्रहरीले तपाईंलाई जरिवाना तिर्नु लाउनु गलत हो, वा आफ्नो व्यवहारको लागी तपाईं संग उचित स्पस्टीकरण छ भने, ठीक समीक्षाको लागि आवेदन दिनुहोस्, ;
- यदि जरिवाना अदालतमा बुझाउनु पर्नेछ (त्यसो गर्नु अघि तपाईंले कानुनी सल्लाह लिनुपर्नेछ)।
- तपाईंको फाईनको लागि विकल्पहरू पत्ता लगाउन तपाईंले finefixer.org.au मा हेर्नुस।

NORTHERN COMMUNITY LEGAL CENTRE

NORTHERN COMMUNITY LEGAL CENTRE: AUGUST 2020

आइलालाई पुलिस को कारवाहीमा परिन्, उनी सीमित मात्र अंग्रेजी बोल्छिन् र उनी अस्पतालमा आफ्नो काममा जान सवारी चलाइरहेकी छिन् भनेर वर्णन गर्न उनि सक्षम भइनन् ।

पुलिसले उनलाई घरभित्र बस्ने नियमको उल्लंघन गरेको आरोपमा जरिवाना तिरायो ।

लैलाले एक वकिलकोमा गईन्, जसले लालालाई काममा ड्राइभ गर्न अनुमति भएको र केहि गलत नगरेको भन्ने आधारमा जरिवाना फिर्ता लिनको लागि आवेदन दियो र तिरिएको फिर्ता लिइयो ।

तपाईंको तय गरिएको मितिभन्दा अघि जरिमानाको लागि कार्य गर्नु महत्वपूर्ण छ, अन्यथा यो अधिक महँगो हुन्छ र जरिवानालाई चुनौती दिने अधिकार तपाईं गुमाउन सक्नुहुन्छ। यदि तपाईंले आफ्नो जरिवानाको बारेमा केही गर्नुभएन भने, गम्भीर नतिजा हुन सक्छ जस्तै तपाईंको सवारी साधन पकडिने , तपाईंको सम्पत्ति जफत गरिने, वा अदालतमा हाजिर हुनको लागि जमानि गरिने ।

यदि तपाईंले पारिवारिक हिंसा, मानसिक स्वास्थ्य समस्या, घरबारविहीन, वा लत सम्बन्धी मुद्दाहरू अनुभव गर्नुभएको छ भने, तपाईंलाई जरिमानासँग व्यवहार गर्न अन्य विकल्पहरू हुन सक्छन्। तपाईंले सकेसम्म चाँडो कानुनी सल्लाह प्राप्त गर्नुपर्छ।

नि: शुल्क कानुनी सल्लाह पाउनुहोस्!
उत्तरी समुदाय कानूनी केन्द्र
० ९३ ९३ १० १० ७६ ४३७६ ladmin@northernclc.org.
फिज्रोए लिगल सेर्विस - ०४३४ १३६ ५०
भिक्टोरिया लिगल एड
१०००० २२२ ७ ३८७ अरबीक: ० ९२ २ ६९ ६९ ० ०१२७

म अरु जानकारी कहाँ पाउन सक्छु?

- नर्दन कम्यूनिटी लिगल सेन्टर: northernclc.org.au/covid-19-facts-and-info
- भिक्टोरिया लिगल एड: legalaid.vic.gov.au/find-legal-answers/covid-19-coronavirus/fines
- पूलिस अकाउन्तेबिलिति प्रोजेक्ट policeaccountability.org.au/police-complaints/police-complaints-resources/

यो कागजात कानूनी सल्लाह होइन । यो सूचना/जानकारी ५ अगस्ट २०२० मुताबिक सहि छ, यद्यपी यो सुचनाको आधारमा काम गर्नु भन्दा पहिले तपाईले कानूनी परामर्शको खोजी गर्नुपर्दछ ।

NORTHERN COMMUNITY LEGAL CENTRE